NARC Publication Serial No. 0069-2013/14

# काठमाडौं रातो सलगमको जातीय गुण र खेती प्रविधि



डा. ध्रुवराज भट्टराई
नविन गोपाल प्रधान

नेपाल कृषि अनुसन्धान परिषद्
बागवानी अनुसन्धान महाशाखा
खुमलटार, ललितपुर









# काठमाडौ रातो सलगमको जातीय गुण र खेती प्रविधि

## परिचय

सलगम मूला परिवारकै एक तरकारी हो। यसको उत्पत्ती रूसको साइबेरिया क्षेत्रमा भएको  मानिएको छ। यसको वैज्ञानिक नाम *Brassica rapa* L. हो। यो तरकारीलाई पकाएर, काचै सलाद बनाएर खाने गरिन्छ। काठमाडौं उपत्यकामा यो निकै प्रचलित तरकारीको रूपमा मानिन्छ। सलगमको बीउ उम्रेर जरा आएपछि त्यसमा विरूवाले खाद्य वस्तु जम्मा गर्दै लगेपछि जरा ठूलो भई खान लायक हुन्छ। सलगमको जरा प्रायः गोलाकार हुन्छ। यसको पातमा भिटामिन ए र सी अनि जरामा भिटामिन वि र विभिन्न खनिज पदार्थहरू पाइन्छन्। हाम्रो देशको जलवायु एवं भौगोलिक परिस्थितिलाई हेर्दा सलगम खेती पोषण सुरक्षा र नेपाली कृषकहरूको आर्थिक अवस्था माथि उठाउन सहयोगी हुन सक्छ। नेपालमा अहिलेसम्म सलगमको एउटा मात्र जात पर्पलटप उन्मोचन भएको तर सो जात उपभोक्ता र किसानहरू बिच लोकप्रिय बन्न नसकेको सत्यतालाई ध्यान राख्दै वागवानी अनुसन्धान महाशाखा, खुमलटारले सलगमको नयाँ जात विकासको लागि प्रयत्न गरिरहेको थियो। यसै सन्दर्भमा काठमाडौं उपत्यकामा पाईने स्थानीय सलगमहरूबाट निरन्तर छनौट गरी नयाँ जातको विकास गरिएको छ।

## जातीय विकास

**मास सेलेक्सनः** यो तरिका अनुसार पहिलो वर्ष काठमाण्डौ र भक्तपुरमा पाइने स्थानीय सलगमको बीउ लगाएर गोलो, अलि अलि थेप्चो आकारको, कलेजी रातो रंगको जरा भएको र पात कम काटिएको सलगमका बोटहरू छनौट गरियो। छनौट गरिएका जराहरूलाई जाली घरमा लगाई बीउ उत्पादन गरियो। जाली घरमा उत्पादन गरिएको प्रजनन् बीउ लगाउँदै ४ वर्षसम्म घनात्मक छनौट गरी एकै चोटी मल्टिलोकेसन परिक्षण गरि

यो । त्यसै गरी भक्तपुर, काभ्रे र दैलेखका किसानहरूको खेतबारीमा समेत परिक्षण गरी सलगमको उन्मोचन योग्य जिनोटाइप (HRDTUR001) विकास गरिएको छ। जसको प्रस्तावित नाम **काठमाण्डौ रातो** राखिएको छ।

## जातीय गुण

- पातः कम काटिएको गाढा हरियो रंग
- जराः गोलो थेप्चो आकारको गाढा कलेजी रातो रंगको
- वीउ रोपेको ५०–६० दिनमा वाली लिन सकिने,
- उत्पादन २५ मे.टन/हे हुन्छ।

## बाली लगाउने समय

तराई : असोज-कार्त्तिक

मध्य पहाड : भदौ-असोज

उच्च पहाड : जेठ-साउन

## जमीनको तयारी

- जमीन तयारी गर्दा खन्ने या जोत्ने, जमीनको डल्लाहरू फुटाउने।
- मलखाद निम्नानुसार प्रति रोपनी राख्नेः

  पाकेको गोबरमल – १००० देखि १५०० किलो

  नाइट्रोजन – ४ किलो

  फस्फोरस – ६ किलो

  पोटास – ३ किलो
- १ मिटर २० से.मी. चौडाई र करिब १० देखि १२ से.मी. अग्लो ड्याङ्ग बनाउने।
- मल राखेपछि एक पटक खन्ने, यसबाट माटोमा मल राम्ररी मिसिने हुन्छ।

- झारपात, ढुङ्गा या काठको टुक्रा, जराको ठुटाहरू हटाउने ।
- हातको सहायताले ड्याङ्ग सम्म पार्ने र माटो बुरबुराउँदो बनाउने । त्यसपछि बीउ लगाउन तयार हुन्छ ।

गोबरमल, फस्फोरस र पोटास मल जमीन तयार गर्दा राख्नुपर्छ र नाइट्रोजन मल आधा मात्रा एक पटक पहिलो झार गोड्ने बेला र आधा मात्रा गाना आउने बेलामा दिनु पर्छ ।

**बीउ लगाउने तरिका :**

- सलगमको बीउ निकै सानो हुन्छ ।
- बीउ रोप्नको लागि तयार भएको ड्याङ्गमा चुच्चे कुटोको सहायताले १० से.मी. को दुरीमा करिब २ से.मी. गहिरो धर्सा कोर्ने ।
- करिव ५ से.मी.को दुरीमा बीउ खसाल्ने ।
- बीउ रोपेपछि ड्याङ्गमा हातले सम्म पार्ने ।
- पराल भए पराल या खरको छापो दिने ।
- छापो दिए पछि माथि बाट सिंचाई गर्ने ।
- बीउ उम्रिए पछि विस्तारै छापो हटाउने ।

**बीउदर :** एक रोपनीको लागि १००–१५० ग्राम बीउ यथेष्ट हुन्छ ।

**सिंचाई र गोडमेल :** जमीन सुख्खा हुनु अगाडि नै सिंचाई गर्न जरूरी हुन्छ । टपड्रेस गर्ने बेलामा पानी अनिवार्य दिनु पर्छ । तर वर्षा भएमा आवश्यक हुदैन । पानी जम्ने अवस्था परेमा जरा कुहिने र मर्ने भएकोले पानी जम्न विल्कुल दिनु हुदैन । झारपातले निकै उत्पादन घटाउने हुँदा समयमै गोडमेल गर्न जरूरी हुन्छ ।

## रोग कीरा व्यवस्थापन

रसायनिक विषादिले मानिसको स्वास्थ्य र वातावरणमा धेरै नराम्रा विकृतिहरू ल्याईरहेको अहिलेको परिप्रेक्षमा रोग र कीरा व्यवस्थापनका सामान्य र घरेलु तरिकालाई प्राथमिकताकासाथ अपनाउनुपर्ने हुन्छ । रसायनिक विषादिको प्रयोगलाई अन्तिम विकल्पको रूपमा लिनुपर्दछ ।

## सामान्य तरिकाहरू

- स्वस्थ बीउ प्रयोग गर्ने ।
- बाली अवधिभर झारपात आउन नदिने, खेती सफा राख्ने ।
- रोग संक्रमित पात, डाँठ, जरा सबै बारीबाट अनिवार्य हटाउने ।
- गर्मी याममा गहिरो खनजोत गर्ने ।
- सन्तुलित मात्रामा मलखाद प्रयोग गर्ने ।
- जमीनमा पानी निकासको राम्रो व्यवस्था मिलाउने ।

## घरेलु रषादिद्वारा

- तीतेपाती/बकाईनु/निम/असुरोको २०० ग्राम आलो पातलाई राम्ररी दगल्चाएर १ लीटर पानीमा ढड्याई निस्केको रस हप्ताको १ पटकको दरले ५ हप्तासम्म स्प्रे गर्नाले कीराको प्रकोप कम हुन्छ ।
- १०० ग्राम लसुनको पोटीको धूलोमा आधा लिटर पानी र २ चम्चा मट्टितेल मिसाई २४ घण्टासम्म राख्ने र त्यसपछि उक्त मिश्रणमा २ लिटर साबुन पानीको झोल मिसाई तरकारी बालीमा छर्नाले धेरै जसो कीराहरूको नियन्त्रण गर्न सकिन्छ ।
- नीमबाट तयार गरिएको रषादिहरू जस्तैः नीमको बीउको धूलोले सम्पर्क विषादिको रूपमा प्रभावकारी ढंगले काम गर्दछ । अतः

नीमको बीउको धूलो १२.५ ग्राम प्रतिलीटर पानीमा राखी १०-१५ घण्टासम्म ढड्याएर प्राप्त हुने रसद्वारा विरूवाको उपचार गर्दा धेरै कीराहरूबाट हुने क्षति कम गर्न सकिन्छ।

- हाल बजारमा पाईने निमको तेल ५ मि.ली. र साबुनको झोल ५ मि.ली. प्रति लीटर पानीमा मिसाई हप्ता दिनको फरकमा छर्नाले धेरै जसो कीराहरूको नियन्त्रण गर्न सकिन्छ।

## रषायनीक तरिका

व्यवसायिक खेती गर्ने कृषकहरूले यदि माथिका उपायहरूद्वारा रोग कीरा नियन्त्रण गर्न नसकेमा रषायनिक तरिका अपनाउनुपर्ने हुन्छ।

१) सलगमलाई क्षति पुऱ्याउने कीराहरू लाही र खपटे हुन्। यसको नियन्त्रणको लागि रोगर १ ग्राम प्रति लीटर पानीमा मिसाएर छर्कनु पर्छ।

२) रोगमा जरा कुहिने रोग मूख्य हो। त्यसको रोकथामको लागि वेभिस्टीन २ ग्राम प्रति लीटर पानीमा मिसाएर माटोमा ड्रेन्च गर्नु पर्दछ।

**उत्पादन :** सलगम ५०–६० दिनमा ताजा तरकारीको रूपमा तयार हुन्छ। प्रति रोपनी सरदर १५००–१८०० किलोसम्म उत्पादन लिन सकिन्छ।

## आम्दानी खर्च

**बिक्रिदर :** रू. २०/- प्रति किलो

| | |
|---|---|
| कूल आम्दानी | रू. ३०,०००/- |
| कूल खर्च | रू. १०,०००/- |
| खूद नाफा | रू. २०,०००/- |

## काठमाडौं रातो र पर्पलटपमा फरक



HRDTUR001
(काठमाडौं रातो)



पर्पलटप



HRDTUR001
(काठमाडौं रातो)



पर्पलटप



HRDTUR001
(काठमाडौं रातो)




पर्पलटप






HRDTUR001
(काठमाडौं रातो)


HRDTUR001
HRDTUR-003
PURPLE
TOP











थप जानकारीको लागि

**नेपाल कृषि अनुसन्धान परिषद**

**बागवानी अनुसन्धान महाशाखा**

खुमलटार, ललितपुर

फोन नं. ५५४१९४४

ईमेल: hrdn@narc.gov.np